भजनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भजनी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

## करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०९/०४)**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस भजनी नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रका लागि तपसिलको पदहरुमा खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग भएको विवरण सहित यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक भजनीको खाता नं. ४१५०१००३०१०१०००२ मा तोकिएको दस्तुर तिरेको सक्कलै भौचर/रसिद सहित तोकिएको ढाँचामा यस नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:-**

| बि.न. | पद | श्रेणी /तह | आवश्यक पद संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०१/०७९/८० | रोजगार संयोजक | स्थानीय सेवाको अधिकृत छैठौ तह सरह | १ (एक) | १२००/- | |
| ०२/०७९/८० | रोजगार सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ (एक) | ५००/- | |
| ०३/०७९/८० | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ (एक) | ५००/- | |

**१) आवश्यक न्यूनतम योग्यता र अनुभव :-** भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको हुनुका साथै

**क.रोजगार संयोजक पदको लागी**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उतीर्ण गरेको,
- दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

**ख. रोजगार सहायक पदको लागी**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको,
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
- आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको।

**क. प्राविधिक सहायक पदको लागी**

- सिभिल इन्जिनियरिङ्मा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको,
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मत /स्तरोन्नतिका लागि आयोजनाको लागत अनुमान,सुपरीबेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने,आयोजनाको लक्ष्य र परिणाम हासिल गर्ने टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई ग्राह्यता दिइनेछ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

**२) आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु :-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू

(क) नागरिकता (ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र (ग) चारित्रिक प्रमाणपत्र (घ)तालिमको प्रमाण पत्र (ङ) अनुभव भए सोको कागजात (च) तालिम तथा अनुभव सम्बन्धी प्रमाण पत्रहरुको प्रतिलिपि (प्रमाणित विवरण संलग्न हुनुपर्ने) ।

**३ ) परीक्षाको किसिम:-**

ख. रोजगार संयोजक :- प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परीक्षा ।

ग. रोजगार सहायक र प्राविधिक सहायकः- प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

**४ ) सेवा सुबिधा तथा अन्य :-** रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धि मापदण्ड ,२०७६ को दफा १८ र १९ तथा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड,२०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

**५ ) दरखास्त दिने अन्तिम मिति :** २०७९/०९/ १८ गते कार्यालय समय भित्र ।

**६ ) दरखास्त बुझाउने स्थान :** भजनी नगरपालिकाको कार्यालय ।

**नोट : आवेदनको ढाँचा, पाठ्यक्रम र कार्यविवरण लगायत अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको Website: www.pmep.gov.np र भजनी नगरपालिकाको Website: www.bhajanimun.gov.np मा गई Download गर्न सकिनेछ ।**

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

चन्द्र देव भट्ट
नि .प्रमुख प्रशासकीय अधिकृत

निमित प्रमुख प्रशासकीय अधिकृत